नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

# निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समिति

## केन्द्रीय छात्रवृत्ति वितरण सम्बन्धी दरखास्त आव्हानको

# अत्यन्त जरुरी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७२।१२।२५)

नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बहालवाला वा सेवा निवृत्त निजामती कर्मचारी (निजामती सेवा ऐन , २०४९, नेपाल स्वास्थ्य सेवा ऐन , २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन , २०६४ बमोजिमको सेवाका पदहरु ) तपसिलमा उल्लेखित विषयहरूमा स्वदेशभित्रका विश्वविद्यालयहरूका सम्बन्धन प्राप्त शिक्षण संस्थाहरुमा अध्ययनरत सन्ततिहरुलाई छात्रवृति प्रदान गर्ने सम्बन्धमा केन्द्रीय छात्रवृत्ति अन्तर्गत स्नातक तह प्रथम वर्षमा भर्ना भई अध्ययनरत योग्यता पुगेका निजामती कर्मचारीका इच्छुक सन्ततिहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालय , सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा तोकिएको ढाँचामा रीतपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

| क्र.सं. | विषय | खुला | समावेशी | | | | | | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/ जनजाति | मधेसी | दलित | अपाङ्गता भएका व्यक्तिहरु | पिछडिएको क्षेत्र | | |
| १) | कृषि विज्ञान | २ | १ | १ | ० | ० | ० | ० | ४ | |
| २) | पशु विज्ञान तथा पशु स्वास्थ्य | १ | १ | ० | ० | ० | ० | ० | २ | |
| ३) | आयुर्वेद वि.एम.ए.एस | १ | १ | ० | ० | ० | ० | ० | २ | |
| ४) | वी.डि.एस. | १२ | ३ | २ | २ | १ | १ | ० | २१ | |
| ५) | इञ्जिनियरिङ | ८५ | २३ | १९ | १५ | ६ | ३ | ३ | १५४ | |
| ६) | बन विज्ञान | ४ | १ | १ | १ | ० | ० | ० | ७ | |
| ७) | व्यवस्थापन संकाय | ४० | ११ | ९ | ७ | ३ | २ | १ | ७३ | |
| ८) | एम.वी.वी.एस. | ४६ | १२ | १० | ८ | ३ | २ | २ | ८३ | |
| ९) | नर्सिङ | १३ | ० | २ | २ | १ | १ | ० | १९ | |
| १०) | विज्ञान संकाय | १९ | ५ | ४ | ४ | १ | १ | १ | ३५ | |
| | जम्माः | | | | | | | | ४०० | |

नोटः नर्सिङ विषयमा सबै उम्मेदवार महिला मात्र हुने भएकोले महिला आरक्षणमा सीट छुट्याईएको छैन ।

**<u>उम्मेदवारको योग्यताः</u>**

१. प्रवेशिका परीक्षा कम्तीमा द्वितीय श्रेणीमा वा सो सरह उत्तीर्ण गरेको,

२. प्रवीणता प्रमाणपत्र तह वा दश जोड दुई (१०+२) कक्षाको परीक्षामा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको,

३. स्वदेशभित्रका मान्यता प्राप्त शिक्षण संस्थाहरुमा स्नातक तह प्रथम वर्ष मा भर्ना भई अध्ययनरत रहेको ।

तर आ.व. २०७१/०७२ मा निवेदन पेश गरेका निजामती कर्मचारीका सन्ततिको निवेदन ग्राह्य हुने छैन ।

**<u>द्रष्टव्य</u>**

क) उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूको चेकलिस्ट एवम् दरखास्त फाराम यस मन्त्रालयको वेभसाइट www.moga.gov.np बाट डाउनलोड गरी वा यस मन्त्रालयको छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालयबाट प्राप्त गर्न सकिने छ । चेकलिस्ट बमोजिमका कागजातहरु फारामसाथ क्रमबद्धरुपमा मिलाई अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

***

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरुः**

समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले निजामती सेवा नियमावली , २०५० (संशोधन सहित) को नियम १४(४) मा व्यवस्था भए अनुसारको निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्दछ ।

क) आदिवासी /जनजातिका हकमा नेपाल आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आ दिवासी र जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचकृित भएको जातिको हकमा सोही सूचीको आधारमा ,

तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ग) अपाङ्ग ता भएका व्यक्तिहरु का हकमा तोकेबमोजिमको संस्थाबाट अपाङ्गताको प्राप्त प्रमाणपत्रको आधारमा ,

घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफरिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ङ) पिछडिएको क्षेत्रका हकमा स्वीकृत निर्देशिकाको दफा ५ को स्पष्टिकरण खण्डमा उल्लेख भएबमोजिमका जिल्लामा स्थायी बसोबास गरी सोही जिल्लाहरुबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको व्यक्तिलाई जनाउँनेछ ।

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समिति

# जिल्ला स्तरीय छात्रवृत्ति वितरण सम्बन्धी दरखास्त आव्हानको

# अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७२।१२।२५)**

देशका ७५ वटै जिल्लाका सरकारी वा सामुदायिक विद्यालयबाट वि.सं. २०७१ सालको प्रवेशिका परीक्षा वा सो सरहको परीक्षामा कम्तिमा द्धितीय श्रेणीमा उत्तीर्ण भई जिल्लास्तरमा सबैभन्दा बढी अंक प्राप्त गर्ने वहालवाला निजामती कर्मचारी वा अवकाश प्राप्त निजामती कर्मचारीका सन्ततिहरु मध्ये प्रत्येक जिल्लाबाट दुई छात्र र दुई छात्राहरु मध्ये (छात्रको आवेदन नपरी छात्राको मात्र आवेदन प्राप्त भएमा वा छात्राको आवेदन नपरी छात्रको मात्र आवेदन प्राप्त भएमा चार जनाको संख्यामा नबढ्ने गरी ) निजले चाहेको विषयमा स्वदेशभित्र उच्च माध्यमिक शिक्षा अध्ययनको लागि दुई वर्षसम्म मासिक रु.५,०००।- (पाँच हजार)का दरले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा "निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२" बमोजिम छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०७२ साल चैत्र २४ गते मंगलबारका दिन बसेको बैठकको निर्णयानुसार दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका बहालवाला वा सेवा निवृत्त निजामती कर्मचारी (निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमका पदहरु) का इच्छुक सन्ततिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र आफूले प्रवेशिका परीक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको सम्बन्धित जिल्लामा, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित विद्यार्थी छनौट समितिमा तोकेको ढाँचाको दरखास्त फाराम तथा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित रीतपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरु</u>

१) वि.सं. २०७१ सालमा प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि थान - १/१(एक/एक)

२) उम्मेदवारको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान - १(एक)

३) उम्मेदवारको बाबु/आमा (अभिभावक/कर्मचारी) को परिचय जनाउने परिचय पत्रको प्रतिलिपि थान (सेवा निवृत्त कर्मचारीको हकमा निवृत्तभरण अधिकारपत्रको प्रतिलिपि) - १(एक)

४) उम्मेदवारको बाबु/आमा (अभिभावक/कर्मचारी)को नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान - १(एक)

५) उच्च माध्यमिक शिक्षाको सिलसिलामा निज अध्ययनरत शिक्षण संस्थाको सिफारिश पत्र थान - १ (एक)

६) बहालवाला निजामती कर्मचारीको हकमा सम्बन्धित कार्यालयको सिफारिश पत्र थान - १ (एक)

७) सरकारी वा सामुदायिक विद्यालय हो भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित पत्र थान - १(एक)

***